# लिखुपिके गाउँपालिकाको पुर्वाधार ब्यवस्थापन बिधेयक, २०७७

## लिखु पिके गाँउपालिकाको कार्यालय,चौंलाखर्क।

डम्बर बहादुर बस्नेत
अध्यक्ष

चैतमाये

सुभद्रा

# लिखुपिके गाउँपालिकाको पुर्वाधार व्यवस्थापन विधेयक, २०७७

**प्रस्तावनाः** लिखुपिके गाउँपालिकाको क्षेत्र भित्र अवस्यक भौतिक पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा उचित व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्थापन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम लिखुपिके गाउँपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ** :

(क) यस ऐनको नाम "लिखुपिके गाउँपालिकाको पुर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७७" रहेको छ।

(ख) यो ऐन लिखुपिके गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यक्ष" भन्नाले लिखुपिके गाउँपालिकाको अध्यक्षलाई सम्फनुपर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले लिखुपिके गाउँपालिकाको उपाध्यक्षलाई सम्फनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले लिखुपिके गाउँपालिकालाई सम्फनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्फनु पर्दछ ।

(ङ) "गाउँसभा" भन्नाले लिखुपिके गाउँपालिकाको गाउँसभा सम्फनु पर्दछ ।

(च) "पुर्वाधार" भन्नाले यस ऐनमा अनुसुची -१ मा उल्लेख भए बमोजिमको विषयसँग सम्वन्धित भौतिक पुर्वाधारलाई सम्फनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू -सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवश्थामा रहेको पानी सम्फनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्फनु पर्छ ।

(ञ) "अमानत" भन्नाले ठेक्कमा नलगाई स्थानीय सरकार खाफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा लेखा सम्बन्धी कार्य सम्फनु पर्छ ।

## परिच्छेद- २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको वर्गिकरण :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यक्ता अनुसार सडकहरुको वर्गिकरण र वृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

**(२) गाउँपालिका स्तरमा मुख्यतया निम्नानुसारको सडकहरु रहनेछन् :**

**(क) पालिका सडक** : गाउँपालिकाको मध्य र महत्वपुर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा वर्गिकरण गरिनेछ। यस्ता सडकको **चौडाई न्युनतम सात मिटर** हुने छ।

**(ख) वस्ती सडक**: गाउँपालिकाको वस्तिहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गिकरण गरिनेछ। यस्ता सडकहरु **पाँच मिटर चौडा** हुने छ।

**(ग) कृषि सडक** : गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अर्न्तगत पर्दछन् । यसको न्यु नतम चौडाई **पाँच** मिटर हुने छ।

**(घ) घोडेटो मुल बाटो** : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा बढी गाउँ वस्ती जोड्ने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिने छ। यसको न्युनतम चौडाई **दुई** मिटरको हुने छ।

**(ङ) गोरेटो बाटो** : मानिस र चौपाया हिडने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ कि.मी. लम्बाईका बाटोहरुलाई गोरटो बाटो भनिन्छ। यसको चौडाई **दुई** मिटरको हुने छ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठुला सवारी आवागमन समेतलाई मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकि त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु

पर्ने नपर्ने कुराको जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृती प्रदान गर्न सक्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :**

(१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो संरचना हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुलउपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलाजगेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यन्त्र लैजान समेत सक्नेछ ।

**परिच्छेद- ३**

**जलस्रोतहरुको संरक्षण र उपयोग**

**७. जलस्रोतको उपयोग :**

(१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

(क) पिउने पानी

(ख) सिंचाई

(ग) पानी घट्ट, औधोगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३)गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समुचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**८. अनुमति लिनु पर्ने :**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसयिक रुपमा माईक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन पर्नेछ ।

(४) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापन :**

(१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रको उपभोक्ताहरु मिलि जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समुह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

**१०. जल उपभोक्ता संस्थाको गठन :**

(१) दफा ११ बमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ५ देखि ११ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) यसरी गठन गर्न चाहने समुहले देहायको विवरणहरु सहित गाउँपालिकाको जल स्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्ने छ ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणिय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्ष हुने छ । अर्को पटकको लागि ३ वर्ष म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नु पर्ने कर फर्स्यौट गर्नु पर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

**११. जलश्रोतको व्यवसायिक उपयोगको लागि अनुमति लिनु पर्ने :**

(१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेघावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने प्रोपाइटर , कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर/कंम्पनि वा सस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि गाउँपालिकामा आवेदन दिनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद -४

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**१२. स्वीकृती नलिई निर्माण तथा विकास गर्न नहुने :**

(१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृती नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने आदि कार्य वा सोसँग सम्बन्धित कार्य गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र मापदण्ड तयार गर्नेछ ।

**१३. भवनको दर्ता :**

(१) गाउँपालिकाभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**१४. भवनको डिजाइन तथा नक्शा स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन आरसिसि स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतीको लागि गाउँपालिका समक्ष दरखास्त दिँदा नक्शा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) आवासिय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोठ्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम ५ फिट सेटब्याक छोड्नु पर्दछ ।

**१५. वस्ति विकासको लागि अनुमति दिने:**

(१) गाउँपालिका भित्र कुनै व्यक्ति, संस्था वा समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट वस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउँपालिकाको कार्यालयमा वस्ति विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ । सो निवेदनको प्राबिधिक, भौगोलिक, सामाजिक र वातावरणिय प्रभाव समेतको अध्ययन गरी उपयुक्त देखिएमा गाउँपालिकाले बस्ती बिकासको लागि अनुमति दिनेछ । गाउँपालिकाले तोकिए बमोजिमको प्रकृया पुरा गरि अनुमति प्रदान गर्नेछ ।

## परिच्छेद- ५

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१६. पूर्वाधार आयोजना तर्जुमा :**

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पुर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**१७. लागत अनुमान तयार गर्नु पर्ने :**

(१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पुर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

**१८. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन**

(१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसुची- १ मा उल्लेखित पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

(क) रु. दश लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. एक करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. दुई करोडभन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमका निर्माण व्यवसायि मार्फत

(घ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत ।

**१९. उपभोक्ता समिति मार्फत गर्न सकिने :**

(१) रु.एक करोड सम्मको निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लावान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जना सम्मको समिति गठन गरिनेछ । यस्तो समितिमा न्युनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य सम्पन्न नहुन्जेल सम्म कायम रहनेछ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्युनतम २० प्रतिशत श्रमदान गर्नु पर्नेछ ।

**२०. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :**

(१) गाउँपालिकाले पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिकाभित्र रहेका योग्यता पुगेका फर्म वा कम्पनिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन इच्छुक फर्म वा कम्पनिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाँउपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) तोकिए बमोजिमको प्रकृया र योग्यता पुरागरी उपयुक्त देखिएका फर्म वा कम्पनिलाई निर्माण कार्य गर्ने इजाजत सहितको निमाण व्यवसायी दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ ।

**२१. पूर्वाधार मर्मत संभार कोष :** (१) गाउँपालिका भित्र रहेका पालिकास्तरिय, संघ र प्रदेश स्तरिय पूर्वाधारहरुको नियमित तथा आवश्यक्ता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा आवश्यक्तानुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको पूर्वाधार संरचना, सडक, खानेपानी इत्यादीबाट प्राप्त रोयल्टि रकमको १० प्रतिशतले दाखिला गरिनेछ ।

**२२. ठेक्का सम्बन्धि व्यवस्थाः**(१) कुनै पनि निर्माण व्यवसायीले एक पटकमा दुई वटा भन्दा बढि पूर्वाधार निर्माणका आयोजनाहरु निर्माणको ठेक्का लिन पाउने छैन ।

(२) ठेक्का संफौता प्रकृयामा सहभागी निर्माण व्यवसायीहरुको अघिल्ला ठेक्का संफौताहरुको कार्यसम्पादन मुल्याङकन समेत हेरिनेछ ।

(३) गाउँपालिकासंग कुनै दुई वटा योजना वा कार्यक्रम सम्फौता गरेर कार्य गरिरहेको निर्माण व्यवसायीले कुनै एक वटा योजना वा कार्यक्रम सम्पन्न गरी कार्य सम्पन्नताको प्रमाण पत्र नलिए सम्म अर्को आयोजना निर्माण प्रकृयामा सहभागी हुन पाउने छैन ।

**परिच्छेद -६**

**पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था**

**२३. पूर्वाधार अनुगमन समितिको गठन :**

(१) गाउँपालिकाक्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अर्न्तगत निर्माण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एक जना- सदस्य

(ग) पूर्वाधारको मुख्य काम हुने वडाको वडाअध्यक्ष- सदस्य

(घ) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित २ जना -सदस्य

(ङ) गाउँपालिकाको कार्यपालिकाले तोकेको एक जना कर्मचारी - सदस्य सचिव

**२४. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यक्तानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२५. अनुमगन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ।

**२७. सहमति दिनु पर्ने:** गाउँपालिका आफैले सञ्चाल गर्ने पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिले सहमति दिनु पर्नेछ।

**२८. कारवाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेस सरकार वा नेपाल सरकार अर्न्तगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायी कै लापरवाहीका कारण निर्धारित समय भित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कारवाहीका लागि प्रदेश वा संघीय सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिकाभित्र उक्त व्यवसायिलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

**२९. कालो सुचीमा राख्ने र अनुमति पत्र रद्द गर्ने :**

(१) देहायको अवस्थामा गाउँपालिकाको कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य गर्न नदिने गरि कालो सूचीमा राख्न सक्नेछ।

(क) कुनै फौजदारी कसुरमा अदालतबाट दोषि ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौंट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा, कार्य सम्पादनमा लापरबाहि गरी कुनै क्षति पुर्‍याएमा

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरीद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्कि दिई खरीद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरे गराएको प्रमाणित भएमा

(च) अन्य यस्तै कुनै कानून विपरितको कसुर गरेमा

(२) उपरोक्त बमोजिम कालो सुचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सुचीको अवधि तोक्न सकिनेछ।

(३) उपदफा (१)(ग)(घ)(ङ) को कसुरमा कसूरको गाम्भिर्यताको आधारमा यस गाउँपालिकाबाट दिईएको निर्माण व्यबसायीको अनुमतिको प्रमाण पत्र भएमा सो प्रमाण पत्र रद्द समेत गर्न सकिनेछ।

**३०. प्राविधिक मुल्यांकन गर्नु पर्ने :**

(१) गाउँपालिकाभित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ७

## सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**३१. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :**

(१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, सस्था वा कम्पनी सँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चाल तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारका अवस्था, आवश्यक्ता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षको लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षको लागि

(ग) निर्माण स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्शेसन (छुट): सम्झौतामा तोकिए बमोजिममा अधिकतम २० वर्ष

**३२. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) गाउँपालिकाले दफा ३२ बमोजिम पुर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनशाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, सस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनको विवरण

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु

(छ) परियोजनाको नक्शा तथा ड्इङ्ग डिजाइन

(ज) प्रस्तावित शुल्क र करार अवधी

**३३. प्रस्ताव छनौट र सम्झौता :**

(१) प्राप्त भएका प्रस्ताप उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपशिलका आधारहरुमा मुल्यांकनका गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।

(क) पुर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन र स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधी किटान गरी साझेदार सम्झौता गर्न सक्नेछ ।

**३४. सञ्चालन तथा व्यावस्थापनः** सम्झौता अवधिभर पुर्वाधार संरचनाको संचालन तथा व्यावस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झौतामा हेरफेर गर्नुपरेमा निजि साझेदार वा गाउँपालिकाका तर्फबाट एक अर्काकोलाई प्रस्ताव गर्नुपर्ने आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

**परिच्छेद ८**

**वातावरण, भुसंरक्षण तथा वैकल्कपिक उर्जा**

**३५. वातवरणीय प्रभाव मुल्याकन सम्बन्धी व्यावस्था :**

(१) गाउँपालिकाले दुई करोड देखि दश करोड सम्म लागत भएका पुर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र दश करोड भन्दा माथिको लागत भएका पुर्वाधारहरुमा वातावरणीय प्रभाव मुल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातवरणीय परिक्षण र स्विकृति गाउँपालिकाले स्वयम् ले गर्न सक्नेछ ।

(३) वातावरणीय प्रभाव मुल्यांकनका सम्बन्धमा प्रचलित नेपाल कानुनले तोके बमोजिम हुनेछ ।

**३६. बैकल्कपिक ऊर्जालाई प्रोहोत्सानः** पुर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रहोत्सान गर्नु पर्नेछ ।

(१) कुनै घरमा सोलार, बायो ग्याँस, सुधारीएको चुल्हो लगाएतका वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यलय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारवांट पाउने अनुदान वा सहयोग दिईने छैन ।

(२)घरेलु शौचालयलाई वायोग्याँस उत्पादमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोत करमा १० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

**३७.भु-क्षय नियन्त्रण सम्बन्धि कार्य गर्न सक्ने:**

(१) गाउँपालिकाभित्रको भूक्षय ग्रस्त सार्वजानिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफुलजन्य वनस्पतिको रोपण गर्न स्थानिय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित व्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्र व्याक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५)उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथामिकता दिनुपर्छ।

(६) अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

**३८.फोहोरमैला तथा फोहोर पानि व्यावस्थापन :**

(१) गाउँपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहोरलाई यथोचित व्यावस्थापनको लागि व्यावस्थीत कार्य योजना तर्जूमा गरीनेछ ।

(२) गाउँपालिकाभित्र फोहोरमैला व्यावस्थापनको लागि ल्यण्डफिल्ड साईट निर्माण गर्न गाउँपालिकाले अन्य गाउँपालिका र नगरपालिकासँग समन्वय गर्न सक्नेछ ।

**परिच्छेद ९**

**विविध**

**३९. अन्तर स्थानिय समन्वय :**

(१) एक भन्दा वढी गाउँपालिका/नगरपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यको लागी गाउँपालिकाबाट अनुमोदन गराई गर्नु पर्ने छ ।

**४०. प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४१. नियम वनाउन सक्ने :** यस ऐनको उदेश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**४२.बचाऊ :** यस ऐनको उदेश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसुचि (१)

**दफा १८ सँग सम्वन्धीत**

(क) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई सम्बन्धीत नीति, कानुन, मापदण्ड , योजना, कार्यान्वयन र नियमन

(ख) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलपुलेसा,कल्भर्ट, सिंचाई र तटबन्द सम्वन्धी स्थानिय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नति आयोजना पहिचान, अध्ययन, कार्यन्वयन, मर्मत सम्भार र नियमन

(ग)स्थानिय स्तरमा ट्रलि वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जीट प्रणालिको निती, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ)स्थानिय स्तरमा यातायात सुरक्षा व्यावस्थापन र नियमन

(ङ) स्थानिय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यन्वयान र नियमन

(च) खानेपानी महसुल निर्धाण र खानेपानी सेवा व्यावस्थापन सम्वन्धी

(छ) साना जलविधुत आयोजना सम्बन्धी स्थानिय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन

(ज) स्थानिय खानेपानि, साना जलविधुत आयोजना,वैकल्पीक उर्जा सम्वन्धी नीति कानुन, मापदण्ड र योजना, कार्यान्वयन र नियमन

(झ) स्थानिय विधुत वितरण प्रणालि र सेवाको व्यावस्थापन सञ्चालन र नियमन

(ट) स्थानिय साना सतह तथा भुमिगत सिंचाई प्रणलिको सञ्चालन र मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन व्याबस्थापन

(ठ) स्थानिय तटवन्ध नदि पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ड) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी निति कानुन मापदण्ड योजना तर्जूमा कार्यन्वयन र नियमन

(ढ) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि तथा प्रर्वदन